खण्ड ९ संख्या ०५ मंसिर १४ गते, २०८२ साल

# मादी गाउँपालिका

# स्थानीय राजपत्र

मादी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ९ संख्या ०५ मंसिर १४ गते, २०८२ साल

## भाग २

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा बमोजिम (१) मादी गाउँसभाले जारी गरेको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

## संवत् २०८२ सालको कार्यविधि नं. ५

### दलित समुदायमा बाल विवाह न्युनिकरण कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/०८/१४

**प्रस्तावना**

मादी गाउँपालिका भित्र बाल विवाहजबरजस्ती हुने विवाह तथा अन्य घातक रुढीवादी प्रचलनको , अन्त्य गरी विषेश गरी दलित समुदायका बालिकाहरुको सर्वपक्षिय विकासको लागि स्थानीय गर्दै कुप्रथा विरुद्धको सचेतनाका लागि समुदाय र विकासमा साझेदार निकायलाई परिचालन बालबालिकाहरुको सहभागिता बढाउन बान्छनीय देखिएकोले मादी गाउँपालिकाकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ उपदफा २ तथा मादी गाउँपालिकाको प्रशासकीय कार्यबिधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ बमोजिम मादी गाउँपालिका गाउँकार्यपालिकाले यो कार्यविधि तयार गरी लागु गरेको छ ।

**परिच्छेद १-**

**प्रारम्भिक**

**१संक्षिप्त नाम र प्रारम्भः (**

क" यस कार्यविधिको नाम (दलित समुदायमा बाल विवाह न्युनिकरण कार्यक्रम सञ्चालन कार्यविधि २०८२रहेको छ । "

(ख यो कार्यविधि (मादी गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

२विषय वा प्रस : **परिभाषा (**ङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

कभन् "गाउँपालिका" (नाले मादी गाउँपालिकालाई सम्झनुपर्दछ ।

खभन "अध्यक्ष" (्नाले मादी गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्दछ ।

गभन "उपाध्यक्ष" (्नाले मादी गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्दछ ।

घ" (प्रमुख प्रशासकिय अधिकृतभन् "नाले मादी गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनुपर्दछ ।

ङ" (वडा अध्यक्ष" भन्नाले मादी गाउपालिका अन्तर्गत वडाका अध्यक्षलाई सम्झनुपर्दछ ।

च" (कार्यक्रम" भन्नाले दलित समुदायमा वालविवाह न्युनिकरण कार्यक्रमलाई सम्झनुपर्दछ ।

छ" (दलित समुदाय "भन्नाले नेपालको संविधान र राष्ट्रिय दलित आयोग ऐन, २०७८ अनुसार पहिचान भएका दलित वर्गका नागरिकलाई जनाउँछ।

ज" (कानूनी विवाह उमेर "भन्नाले २० वर्ष पूरा भएको उमेर सम्झनुपर्नेछ।

झ" (प्रोत्साहन रकम "भन्नाले यस कार्यविधि अनुसार योग्य दलित समुदायका युवतीलाई प्रदान गरिने रु .१५,००० पन)्ध्र हजार रुपैयाँ मात्रबुझ (्नुपर्नेछ।

**३:वालविवाह न्युनिकरण कार्यक्रम सञ्चालनका कार्यविधिको उद्देश्यहरु (**

१. दलित समुदायका युवायुवतीलाई कानूनी उमेर पुगेपछि मात्र विवाह गर्न प्रेरित गर्ने।

२. बालविवाह न्यून पार्ने र सामाजिक न्यायको प्रवर्धन गर्ने।

३. विवाहलाई सामाजिक अधिकार र समान अवसरको आधारमा स्थापित गर्ने।

४. वार्षिक योजना तथा कार्यक्रमहरुमा बाल विवाह विरुद्धका कार्यक्रमहरुलाई प्राथमिकताका साथ समावेश गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

५. बाल विवाह तथा अनमेल विवाहको अन्त्यका लागि संचालित कार्यक्रमहरुको प्रभावकारी रुपमा अनुगमन तथा मुल्यांकन गर्ने ।

मादी गाउँपालिका

## परिच्छेद२ -

## लक्षित समुह तथा मापदण्ड

**४ (बाल विवाह न्युनिकरण कार्यक्रमका लक्षित समुह सम्बन्धी व्यवस्थाः**

१. मादी गाउँपालिका भित्र स्थायी बसोबास भएका दलित समुदायका युवती ।
२. अस्थायी रुपमा समेत अन्यत्र बसाईसराई नगरेका निरन्तर रुपमा मादी गाउँपालिका भित्र बसोबास गरेका ।
३. जन्मदर्ता मादी गाउँपालिका अन्तर्गतका वडा कार्यलयमा दर्ता भएको ।

**५ (योग्यता मापदण्ड**

१. दुवै जना नेपाली नागरिक हुनुपर्ने।
२. विवाह दर्ता प्रमाणपत्र हुनुपर्ने) वडामा दर्ता भएको(।
३. विवाहको समयमा महिलाको उमेर कम्तीमा २० वर्ष पुरा भएको हुनुपर्ने।
४. विवाह यस कार्यविधि लागु भए पश्चात भएको हुनुपर्ने ।
५. यस अघि यसै शीर्षकमा कुनै प्रोत्साहन रकम नलिएको हुनुपर्ने।

## परिच्छेद३-

## प्रोत्साहन रकम तथा आवेदन प्रक्रिया

**६ (प्रोत्साहन रकमको परिमाण र वितरण विधि**

१. दफा ५ बमोजिमको मापदण्ड पुरा गरी विवाह गर्ने दलित समुदायको युवतीहरुलाई रु .१५,००० बैंक खाता (पन्ध्र हजार)मा गाउँपालिकाले जम्मा गरिदिनेछ ।
२. रकम प्रदान गर्नु अघि सम्बन्धित वडा कार्यालयले प्रमाणिकरण गर्नेछ।

**७ (आवेदन प्रक्रियाः**

१. मादी गाउँपालिकामा स्थायी बसोबास भएका दलित समुदायका २० वर्ष पुरा गरि विवाह गरेका युवतीहरुले विवाह दर्ता भएको मितिले ३ महिना भित्र मादी गाउँपालिकाको कार्यालयमा आवेदन दिन सक्नेछन्।
२. उपदफा १ बमोजिमको आवेदन पेश गर्दा निम्न लिखित कागजातहरु संलग्न गर्नुपर्नेछ ।

   क. निवेदन
   ख. नागरिकता प्रमाणपत्र) दुवैको(
   ग. विवाह दर्ता प्रमाणपत्र

घ. बैंक खाताको विवरण) महिलाको नाममा(

ङ. दुई प्रति फोटो

च. सम्बन्धित वडाको सिफारिस

**परिच्छेद ४-**

**छनौट तथा कार्यन्वयन**

**८छनौट प्रक्रिया सम्बन्धी ( व्यवस्थाः**

१वर्ष पुरा २० मादी गाउँपालिकामा स्थायी बसोबास भएका . गरि कानून बमोजिम विवाह गरेका इच्छुक दलित समुदायका युवतीहरुले विवाह दर्ता भएको ३ महिना भित्र मादी गाउँपालिकाको कार्यालयमा निवेदन दिनुपर्नेछ।

२निवेदन उपर अनुगमन समितिले सम्बन्धित वडाका वडा बमोजिम पेश भएको १ उपदफा . सचिव सहितको वडा अध्यक्षको सिफारिसमा योग्यता पुगेका दलित समुदायका युवतीहरुलाई छनौट गर्नेछ।

३ बमोजिम छनौट भएका युवतीहरुको २ उपदफा .नाममा गाउँपालिकाले वैंक खाता प्रोत्साहन स्वरुप उक्त रकम जम्मा गर्ने व्यवस्था मिलाउनेछ ।

**परिच्छेद ५-**

**अनुगमन समिति**

९ **अनुगमन समितिः (**दलित समुदायमा बाल विवाह न्युनिकरण कार्यक्रम अन्तर्गत लाभग्राही छनौटका लागि देहाय बमोजिमको ५ सदस्यीय अनुगमन समिति गठन गरिने छ ।

गाउँपालिका उपाध्यक्ष संयोजक -

प्रमुख प्रशासकिय अधिकृत — सदस्य

सम्बन्धित वडाको वडा अध्यक्ष सदस्य —

स्वास्थ्य शाखा प्रमुख — सदस्य

महिला बालबिकास शाखा प्रमुख — सदस्य सचिव

**परिच्छेद६-**

**विविध**

**१०प्रचलित कानुन बमोजिम हुनेः (** यस कार्यविधिमा छुटेका विषयवस्तुको विषयमा कुनै समस्या उत्पन्न भएमा मादी गाउँकार्यपालिकाको निर्णय अनुसार वा प्रचलित कानुन बमोजिम हुनेछ।

**११ संशोधनः** (यस कार्यविधि कार्यान्वयनमा कुनै समस्या देखिएमा गाउँ कार्यपालिकाले आवश्यकता अनुसार परिमार्जन तथा शंशोधन गर्न सक्नेछ ।

**१२खारेजी र बचाऊः** ( यस कार्यविधि कार्यान्वयनमा कुनै दुविधा उत्पन्न भएमा गाउँपालिकाले बाधा अड्काउ फुकाउन सक्ने छ भने कुनै बुदाँहरू प्रदेश कानुन र संघीय कानुन संग वाझिएमा वाझिएको हदसम्म अमान्य हुनेछ । साथै मादी गाउँपालिकाको गाउँकार्यपालिकाले आवश्यकताको आधारमा यो कार्यविधि खारेज पनि गर्न सक्ने छ ।

आज्ञाले
प्रमुख प्रशासकिय अधिकृत

मादी गाउँपालिका